'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ५० | विहिवार ०१ कार्तिक, २०८१ | 17 (Thursday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०|-

### निर्वाचनको लागि प्रचार प्रसार आज सकिदै

## दुबै समूह आफू जित्ने दावी गर्दै अन्तिम प्रचारमा व्यस्त

नमस्ते समचारदाता
कोहलपुर, असोज/ ३०



यही कार्तिक ३ गते सम्पन्न हुन गैरहेको कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचनको प्रचार प्रसार गर्ने समय आज साँझ सकिदै छ। प्रचार प्रसार गर्ने समय सकिदै गर्दा चुनावी प्रतिस्पर्धामा रहेका प्रगतिशील तथा लोकतान्त्रिक दुबै समूह आफू जित्ने दावी गरिरहेका छन् । उनीहरु यो निर्वाचनको प्रचारको सन्दर्भमा स्थानीय व्यवसायीहरूको ध्यान आफ्नो समूह तिरतान्ने भरपुर प्रयासमा रहेको पाइन्छ । संघमा अब आउने नयाँ नेतृत्वले कोहलपुरको व्यवसाय विस्तारमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले यस पटकको निर्वाचनमा उम्मेदवारहरू भन्दा बढी मतदाता उत्साहित देखिएका हुन्। बुधबार पनि दुबै समूहका उम्मेदवारहरु मतदाता रिझाउन र नमूना मतपत्र मा मतदान गर्ने तरिका बारेमा सिकाउदै थिए। मतदाताहरूलाई आफ्नो मताधिकारको महत्व बुझाउन र सही निर्णय गर्न प्रेरित गरिएका थिए । लोकतान्त्रिक समूहका अध्यक्ष पदका उम्मेद्वार प्रदिप भट्टराईले भने, 'चुनाव हो दुई समूहमा विभाजित भएर समूगत प्रतिस्पर्धा जस्तो देखिएको छ राजनीतिक रुपमा हेर्दा । तर मेरो व्यक्तिगत रुपमा भन्नु पर्दा मैले आफ्नो प्रतिस्पर्धी सम्झेकै छैन'। भट्टराईले, ' मैले त मेरो आफ्नै करिब दश वर्षको कार्य समिति सदस्य देखि वरिष्ठ उपाध्य सम्म भएर संघ हेर्दा र भोग्दाको अनुभूतीले गर्दा पनि म यस निर्वाचनमा नेतृत्वमा पुग्छु भन्ने कुरा व्यक्त गरेको थिए । निश्चित पनि मेरो जस्तो र जति अनुभव र अनुभूती मेरो प्रतिस्पर्धी सँग पक्कै छैन भन्ने बुझाई हो मेरो । जुन हामी सबैले थाहा पाएको सत्य हो ।' उनले दावी गरे, ' यो निर्वाचनमा लोकतान्त्रिक समावेशी व्यवसायी समूहको जित सुनिश्चित छ , त्यसैले आम व्यवसायी मतदाताहरुलाई ढुक्क भएर लोकतान्त्रिक समुहका उम्मेदवारहरुलाई मतदान गर्न आग्रह पनि गर्दछु'।

## प्रहरी दिवसका अवसमा उत्कृष्ट काम गर्ने आठ जना पुरस्कृत

नमस्ते समचारदाता
हुम्ला, असोज/ ३०



६९ औं प्रहरी दिवसको अवसरमा हुम्ला जिल्लामा कार्यरत आठ जना प्रहरी पुरस्कृत भएका छन् । यसरी पुरस्कृत हुने प्रहरी जुनियर अफिसरदेखि जवानसम्म रहेका छन् । वर्षभरि आ-आफ्नो क्षेत्रमा उत्कृष्ट काम गर्ने आठ जना प्रहरी सहायक निरीक्षकदेखि जवान सम्म प्रहरी दिवसको अवसरमा पुरस्कृत गरिएको छ । पुरस्कृत गर्ने कर्मचारीलाई छनौट गर्ने कार्य फरक फरक कामका लागि जिल्ला प्रहरी कार्यालयले गरेको हो । पुरस्कृत प्रहरीलाई प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेले नगद पुरस्कार कार्यक्रममा प्रदान गरेका थिए। यसरी पुरस्कृत हुने प्रहरीहरूमा प्रहरी सहायक निरीक्षकत्रय दिपेन्द्र बुढाथोकी, टिकाराम थापा, थमनसिंह घर्तीमगर रहेका छन् भने प्रहरी हवल्दारमा युवराज बस्नेत, प्रहरी सहायक हवल्दारमा रविन बि.क, रघुनाथ मल्ल र प्रहरी जवानमा बिक्रम जिएम र रुपा चौधरी रहेकी छन् । नगद पुरस्कारको ब्यवस्था प्रहरी कार्यालय हुम्लाले गरेको हो । त्यसैगरी ६९ औं प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालयले आयोजना गरेको प्रहरीका लागि ब्याटमिन्टन डबल प्रतियोगितामा विजेता खेलाडीहरूलाई पनि ट्रफी, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिएको थियो। सो प्रतियोगितामा प्रथम हुने प्रहरी नायब उपरीक्षक रवीन्द्र खनाल र प्रहरी सहायक निरीक्षक मधु जिसीको टिम भएको थियो भने प्रहरी सहायक हवल्दार रघुनाथ मल्ल र प्रहरी जवानजितबहादुर थारुको टिम द्वितीय भएको थियो । त्यसैगरि प्रहरी सहायक निरीक्षक सोभा गिरी र प्रहरी बरिष्ठ हवल्दार बिशाल विष्टको टिम तृतीय भएको थियो । विजेता टिमलाई नगद पुरस्कार क्रमश तीन हजार, दुई हजार र एक हजार पुरस्कार प्रदान गरिएको थियो। कार्यक्रम प्रजिअ पाण्डेले प्रहरीलाई सुरक्षा चुनौती रहेको जनाउँदै यो समस्या समाधान गर्न सवै पक्षको आवश्यक रहेको बताए। साइवर सुरक्षा र बैंकिङ कसुरका समस्या प्रहरीलाई बढी रहेको र त्यसलाई समाधान गर्न प्रहरीलाई समस्या भएको उनले बताए । प्रहरी नायब उपरीक्षक खनालले प्रहरी संगठनका बारेमा बताउँदै उपस्थित सबैलाई स्वागत गरेका थिए । प्रहरी महानिरीक्षकले दिवसको अवसर मा पठाएको शुभकामना पत्रसमेत कार्यक्रममा वाचन गरिएको थियो । पत्रकार महासंघका अध्यक्ष राजन रावतले दिवसको अवसरमा प्रहरी परिवारलाई शुभकामना दिँदै आफ्नो सेवामा खटिन आग्रह गरेका थिए ।









सत्यवाणी :
भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## अपराधका घटनाहरु नियन्त्रणमा सबै लागौं

अहिले नेपाली समाज यति धेरै बिग्रह, वितृष्ण तथा नकारात्मक दिशा तर्फ अग्रसरछ कि प्रत्यक दिन राम्रो भन्दा नराम्रो समाचार बढी सुनिन्छ। पछिल्लो समयमा विकास भएको प्रविधि र साममजिक संजालको नकारात्मक प्रयोगले समाजमा नराम्रो काम र विषयलाई बढी प्राथमिकतामा राखेको होकि जस्तो भान हुन्छ। समाजमा कोही कसै सँग रिसायो वा केही नराम्रो भयो कि व्यक्ति हत्या गरिहाल्ने सम्मका घटनाहरु भइरहेका छन्। समाजमा व्यक्तिगत रिसइबीका कारण व्यक्ति हत्या गर्ने/गराउने, अपहरण गरी फिरौती माग्ने, अपहरण गरी शरिर बन्धक बनाई महिला/नाबालिकाहरुको बलात्कार गर्ने, बलात्कार पश्चात हत्या गर्ने, हनीट्र्यापमा पार्ने, मायाप्रेमको नाममा शारिरीक सम्बन्ध बनाउने र भ्रुण हत्या गर्ने लगायतका अपराधीक क्रियाकलापहरु नेपाली समाजमा बढ्दो क्रम मै भएका पाइन्छन्। यी र यस्ता खालका अपराधीक घटनाहरुलाई नियन्त्रण गर्न प्रहरी प्रशासन त आफ्नो कर्तव्य र दायित्व अनुसार लागिरहेकै छ। तर प्रहरी एक्लो प्रयासले मात्र यस्ता अपराधीक घटनाहरु पूर्ण रुपमा नियन्त्रण हुन सक्दैनन्। नियन्त्रणका लागि समाजका सबै मानिसहरु सचेत हुनु आवश्यक छ। सचेत भएकाहरुले अन्य मानिसहरुलाई पनि सचेत गराउनु आवश्यक छ। नकारात्मक चिन्तन, नकारात्मक प्रवृत्ति, नकारात्मक कार्यले व्यक्ति, समाज र राष्ट्र कसैको पनि भलो गर्दैन। त्यसैले यस्तो विचार र कार्य त्यागनका लागि समाजलाई सकारात्मक विचारद्धारा प्रेरित गर्नु/गराउनु आवश्यक छ। यस्तो जागरणको अभियान सरकारका निकायहरुले सामाजिक संघ संस्थाहरुको सहकार्य र समन्वयनमा गराउदा बढी प्रभावकारी हुन्छन्। अर्को तर्फ कुनै अपराधका घटनाहरुमा संलग्न भएको प्रमाणित भएमा त्यस्ता व्यक्तिहरुलाई कानूनको अधिकतम सजाय दिइनु पर्छ, ताकि अर्कोले फेरि त्यस्तै खालको अपराध गर्ने आँट नगरोस्। व्यवहारिक ज्ञान, विषयबस्तुको सचेतना र कानुनको कडा कार्यान्वयन गरी समाजमा हुने अपराधीक घटनाहरुलाई नियन्त्रण र न्यूनीकरण गर्न सकिन्छ।

# नाम फेर्ने कि कार्यशैली

ठाकुरप्रसाद बस्ताकोटी






ठाकुरप्रसाद बस्ताकोटी

सार्वजिनक सेवालाई नागरिकमैत्री र समृद्धिको संवाहक बनाउन कस्तो व्यवस्था गर्नु उचित होला भन्ने विषयमा बहस केन्द्रित गर्नु श्रेयस्कर हुन्छ । आमजनताबिच रहेको निजामतीको विम्ब फेर्ने प्रयास हालको कार्यशैलीमा सुधार गरी पद्धति संस्थागत गर्ने मार्गबाट मात्रै गर्न सकिने वास्तविकतालाई सबैले मनन गर्नु जरुरी छ ।

सङ्घीय निजामती सेवा ऐनको अभावमा प्रदेश र स्थानीय तह व्यवस्थापनमा विभिन्न अवरोध देखिएका छन् । यस ढिलाइले सङ्घीय एकाइले पाएको कानुन निर्माणको अधिकार क्षेत्रमा समेत समस्या थपेको छ । संविधान कार्यान्वयनलाई सबल बनाउन राष्ट्रिय सभाको विधायन समितिले तत्काल जारी गर्न आवश्यक ४० कानुनभित्र यस ऐनलाई समेत उल्लेख गरे पनि प्रशासकीय रूपमा सबल बनाउने कानुनी संयन्त्रको अभावमा सङ्घीयको कार्यान्वयनमै गम्भीर असर परेको अनुभव भइरहेछ । कमर्चारी समायोजन ऐन, २०७५ का आधारमा भएको कर्मचारी समायोजनपछि रहेका थुप्रै अनिश्चिततालाई अन्त्य गर्ने वातावरणसमेत सङ्घीय निजामती सेवा ऐनको अडचनले अप्ठ्यारो पारिरहेको छ । यसले सार्वजनिक कार्यसम्पादन तथा सेवा प्रवाहमा प्रत्यक्ष असर पारेको छ। कर्मचारी र जनप्रतिनिधिबिच सङ्घीयताका अन्तरसम्बन्धबारे बुझाइ र सामञ्जस्य विकसित हुन नसकिरहेको अवस्थामा उचित कानुनको अभावमा प्रदेश र स्थानीय तहको कर्मचारीतन्त्रमा देखिएको अन्योल कहिलेसम्म रहने हो, भन्न सकिने अवस्था छैन। यस्तो अवस्था लामो समयसम्म रहिरहनु प्रशासकीय आयामको दृष्टिबाट हानिकारक छ। नयाँ शासकीय संरचनालाई सम्बोधन गरी ल्याउनुपर्ने सङ्घीय निजामती सेवा ऐनको स्वरूपबारे नै सरोकारवालाबिच एकमत हुन पर्याप्त गृहकार्य हुन आवश्यक छ।

### बहुप्रतीक्षित विधेयक

सङ्घीय संसद्मा विचाराधीन निजामती सेवा विधेयक निजामती सेवा ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने उद्देश्यले संसद्मा दर्ता गरिएको हो । नेपालको संविधान जारी भएको तीन वर्षपछि सरकारले सङ्घीय संसद्मा विधेयकको पहिलो प्रस्ताव २०७५ माघ २७ गते दर्ता गर्‍यो । यो विधेयक दफावार छलफलका लागि राज्यव्यवस्था तथा सुशासन समितिमा प्रस्तुत गरिएकोमा सो समितिले २०७७ असार १५ मा टुङ्ग्यायो पनि तर संसदीय समितिले टुङ्ग्याएको विधेयक विवादरहित भएन । अन्ततः तत्कालीन संसदीय गतिरोधसँगै अन्तिम विधेयक प्रतिवेदन तयार पार्न चलाएको छलफलले सार्थकता पाउन सकेन । दोस्रो पटक २०८० फागुन २१ मा सरकारले नयाँ विधेयकको नयाँ मसौदा सङ्घीय संसद्मा दर्ता गर्‍यो। मन्त्रीपरिषद्बाट २०८० भदौ ११ मा पारित भएको छ महिनापछि उक्त विधेयक संसद्मा दर्ता गरिएको हो । यस विधेयकप्रति संसद्मा धारणा राख्ने क्रम सुरु भए पनि यसका प्रावधानप्रति छलफल घनीभूत हुन सकेको देखिँदैन।

### विधेयक संशोधनका विषय

विधेयकको संशोधनका लागि दर्ता भएका यस्ता प्रस्तावमध्ये कतिपय प्रस्ताव राम्रा, कतिपय अपूर्ण छन् र कति चाहिँ गैरसंवैधानिक पनि देखिन्छ। सार्वजनिक सेवाका मूल्यमान्यता समेतका दर्ता हुनैपर्ने कतिपय प्रस्ताव भने दर्ता गराउन सकिएको देखिँदैन । कतिपय संशोधन कर्मचारीको स्वार्थका लागि दर्ता गरिएका पनि होलान् भन्नेसमेत छ । केही भने आधुनिक नागरिक प्रशासनका लागि नमिल्ने खालका प्रस्ताव रहेको भनिएको छ । यसरी यस्ता महत्वपूर्ण विषयमा छलफल गर्दा नेपालको आवश्यकता र वास्तविकतालाई ध्यान दिएको अनुभूति हुँदैन । कतिपय प्रस्ताव निजामती सेवालाई तटस्थ, उत्पादनशील र नवप्रवर्तनमुखी बनाउने खालका भए पनि यसमा हुनुपर्ने सामयिक छलफलको अभावमा त्यस्ता सकारात्मक प्रस्ताव ओझेलमा परेको देखिन्छ तर संविधान नै संशोधन नगरी गर्न नमिल्ने निजामती सेवाको नाम परिवर्तनको प्रस्ताव भने केही समयअघिदेखि चर्चामा आएको छ । सङ्घीय निजामती विधेयकमा एक हजार ५८३ वटा संशोधन प्रस्ताव दर्ता गरिएको सङ्घीय संसद् सचिवालयको विवरणबाट देखिएको छ। देशको समग्र सार्वजनिक क्षेत्रलाई दीर्घकालीन प्रभाव पार्ने कानुनी व्यवस्था भएकाले यस विधेयकमा यत्तिको संशोधन प्रस्ताव हुनु स्वाभाविक मान्नु पर्छ। सङ्घीय सांसदले विवेकपूर्वक गम्भीर छलफल गरी विधेयक छिट्टै टुङ्ग्याउन चाहेमा पारित गरी जारी हुने अवस्था छ भन्न पनि नसकिने होइन तर निजामती सेवाको नाम परिवर्तनसमेतका कतिपय संशोधन प्रस्तावको विवरण हेर्दा यो विधेयक टुङ्गोमा पुगी जारी हुन लामो समय लाग्ने देखिन्छ। नेपालको सार्वजनिक सेवाको मेरुदण्डका रूपमा रहेको निजामती सेवाको नाम र यसको कार्यमा सामञ्जस्य ल्याउन भन्दै निजामती सेवाको नाम परिवर्तनको बहस नेपालको सार्वजनिक क्षेत्रमा लामो समयदेखि रहेको देखिन्छ । सङ्घीय संसद्मा संशोधन दर्ता गर्दा 'नागरिक सेवा' वा 'सार्वजनिक सेवा' शब्दावलीले निजामती सेवाको नामलाई प्रतिस्थापन गर्न संशोधन प्रस्ताव गरिएको भन्ने बाहिर आएको छ । 'निजामती' शब्द हैदराबादका शासक निजामको दरबारका सेवकलाई दिइएको नाम भएकाले यसलाई फेर्नैपर्ने तर्क कतिपय प्रशासनविद्ले समेत गरेको पाइन्छ । संविधानको धारा २४३ मा निजामती सेवाको पद भनी गरिएको परिभाषामा सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐनबमोजिम तोकिएको अन्य सेवाको पदबाहेक नेपाल सरकारका अरू सबै सेवाको पद सम्झनु पर्छ भनी उल्लेख गरिएको छ। यस्तै धारा २८५ मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकता अनुसार अन्य सङ्घीय सरकारी सेवाको गठन गर्न सक्नेसमेतको व्यवस्था छ। उल्लिखित धाराहरूमा रहेको निजामती शब्दको संशोधन नगरी यो नाम फेर्न नसकिने तथ्यलाई भने जनप्रतिनिधिले पटक्कै ध्यान दिन सकेको पाइँदैन। सार्वजनिक स्थलमा प्रकट भइरहेका विचार सुन्दा सार्वजनिक प्रशासनका सरोकारवालाले समेत यसमा विचार पुर्‍याउन सकेको देखिँदैन। चीनमा सन् हान वंश (इसापूर्व सन् २०६ देखि २२०) कै समयमा निजामती सेवाको विकास भएको पाइन्छ । निजामती सेवा शब्दावली पहिलो पटक सन् १७८५ मा इस्ट इन्डिया कम्पनी अन्तर्गत काम गर्ने गैरसैनिकको सेवालाई जनाउन प्रयोग गरिएको थियो । योग्यता प्रणालीमा आधारित निजामती सेवाको विकास चाहिँ सन् १८५३ मा नर्थकोर्ट र ट्रेभिलियन सम्मिलित संसदीय समितको प्रतिवेदनपछि बेलायतमा सुरु भएको मानिन्छ ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# ‘संघलाई नयाँ उचाईमा पुऱ्याउने सोच छ’ : प्रदिप भट्टराई

*प्रदिप भट्टराई यही कार्तिक ३ गते सम्पन्न हुन गैरहेको कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचनमा लोकतान्त्रिक समावेशी व्यवसायी समूहको तर्फबाट अध्यक्ष पदमा उम्मेदवार हुनुहुन्छ । भट्टराई संघको कार्यसमितिमा लगातार तीन कार्यकाल क्रमश : कार्यसमिति सदस्य, उपाध्यक्ष र वर्तमान कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष भै संघको नेतृत्वका लागि आवश्यक अनुभव र प्रक्रियागत ज्ञान समेत हासिल गरिसकेको उम्मेदवार हुनुहुन्छ । भट्टराई व्यवसायका रुपमा होटल पपलाइफका सञ्चालक मात्र होइन, वहाँ बहुआयामिक युवा व्यक्तित्व समेत हुनुहुन्छ। वहाँ एक उदीयमान युवा कवि तथा साहित्यकार समेत हुनुहन्छ । वहाँको बहुआयामीक व्यक्तित्वका कारण पनि वहाँको नेतृत्वमा कोहलपुरको उद्योग बाणिज्य संघले नयाँ उचाइ प्राप्त गर्ने कोहलपुरका धेरै व्यवसायीहरु बताउने गर्दछन् । कार्तिक ३ गते हुन गैरहेको संघको निर्वाचनको सेरोफेरोमा केन्द्रीत भएर भट्टराई सँग गरिएका कुराकानीका केही अंश यस्ता छन् ।*

**कोहलपुर उद्योग बाणिज्य संघमा तपाई अध्यक्ष पदमै किन उम्मेदवार हुनु भयो नि ?**

म कोहलपुर उद्योग बाणिज्य संघमा कार्यसमितिमा लगातार तीन कार्यकाल क्रमश : कार्यसमिति सदस्य, उपाध्यक्ष र वर्तमान कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष भै संघको नेतृत्वका लागि आवश्यक अनुभव र प्रक्रियागत ज्ञान समेत हासिल गरिसकेका एक व्यवसायी भएका कारणले सबै साथीहरुको म प्रतिको भरोसा र विश्वासले म अध्यक्ष पदमा उम्मेदवार हुने निर्णय गरेको हुँ । कोहलपुर उद्योग बाणिज्य संघ भनेको निजी क्षेत्रको एउटा प्रतिनिधिमूलक संस्था हो । त्यसमा पनि यो संस्था आफैंमा नीतिगत काम गर्नेभन्दा पनि दबाब सिर्जना गर्ने संस्था हो । त्यसैले मेरो उम्मेदवारी भनेको उद्योगी व्यापारीहरूलाई परेका विभिन्न समस्याहरूको उठान गर्ने र समाधान खोज्ने, स्थानीय सरकार र अन्य संघसंस्थासँग समन्वय गरेर यहाँको विकासका लागि पहल गर्ने कुरामा नै मुख्यरुपमा जोड दिने हो । कोहलपुरलाई पश्चिम क्षेत्रकै एउटा पर्यटकीय हब बनाउने परिकल्पनासहित मैले संघमा अध्यक्ष पदका लागि उम्मेदवारी दिएको छु । किनभने यी कामहरु नेतृत्वमा नपुगी गर्न सकिदैन भन्ने मेरो बुझाइ हो ।

**संघको नेतृत्वमा पुग्नु भयो भने तपाईंका प्राथमिकताका क्षेत्र केके लाई गराउनु हुन्छ ?**

कोहलपुर क्षेत्र व्यावसायिक हिसाबले थुप्रै सम्भावना भएको र विकास पनि तिब्र गतिमा नै अगाडि बढिरहेको स्थान हो । तर हाल यहाँको आर्थिक गतिविधिमा ह्रास आएको छ । यो सबै व्यवसायी साथीहरुलाई जानकारी नै छ । अहिले कोहलपुरको हकमा व्यवसायीहरुका लागि मुख्य समस्या भनेको सिमापारीको बजार हो । त्यसको साथ साथै ब्यापार व्यवसायमा कमि आएका बेला व्यवसायी र घरधनीबीचको घरभाडा सम्झौता पनि एउटा समस्या नै हो । एक्कासी घरभाडा बढाउने कुराले व्यवसायीलाई समस्या पर्ने गरेको छ । यसको समाधानका लागि संघकै रोहबरमा घरधनी र व्यवसायी बीच सम्झौता गराउने र त्यसको कार्यान्वयन गराउने कुरामा संघले नेतृत्व गर्नु पर्छ । छु ।



**प्रदिप भट्टराई**
**अध्यक्ष पदका उम्मेदवार**
लोकतान्त्रिक समावेशी व्यवसायिक प्यानल

**सिमापारी भारतीय बजारहरूमा नेपाली उपभोक्ताहरूको भीडभाड लाग्ने गरेको देखिन्छ । तर स्थानीय बजारहरु सुनसान हुने गर्दछन् । यस्ता समस्याहरु वर्षौं देखि हुदै आएका छन् यस्ता समस्या समाधानका लागि तपाई नेतृत्वमा पुग्नु भयो भने कस्तो पहल गर्नुहुन्छ ? के छ योजना ?**

सिमापारीको बजारमा किनमेलका लागि जाने कुरामा म पहिल्यैदेखि असहमत छु । व्यक्तिगत रूपमा भन्नुहुन्छ भने मैले आजसम्म रूपैडिया गएर कुनै एउटा सामान पनि किनेको छैन, किन्दिन पनि । तर यो कुरालाई हामी व्यापारीहरू आफैंले लागू गर्नुपर्छ । व्यापारीहरू आफै बिहानै गाडी लिएर रूपैडिया गएर सामान ल्याएर पसल भर्ने काम बन्द गर्नुपर्छ । त्यसबाहेक बाणिज्य संघका तर्फबाट हामीले भन्सार होस, बाणिज्य कार्यालय, कर कार्यालय वा अन्य सरोकारवाला निकायलाई दबाब दिने काम गर्दै आएका छौं । त्यसबाहेकका अन्य बैंक ब्याजका समस्या, आर्थिक मन्दीको मार लगायतका समस्या हामी सबै व्यापारीले व्यहोरिरहनु परेको छ । यी समस्या संघले मात्रै समाधान गर्नसक्ने कुरा पनि होइनन् । तर हामी निरन्तर दबाब दिने काम गरिरहेका छौं । त्यसकै लागि पनि संस्थामा म नेतृत्वदायी भूमिकामा जान चाहेको हुँ ।

**तपाईंको उम्मेदवारीमा कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

चुनावमा प्रचार प्रसारमा गइरहँदा मलाई कतै हारिन्छ कि जस्तो लागेकै छैन । कतिपय साथीहरूले त अहिल्यै ‘तपाईं विजयी भइसक्नुभयो,’ समेत भन्नुभएको छ । म त्यही ऊर्जासहित हिँडिरहेको छु । सर्सर्ती गणितीय हिसाब हेर्ने हो भने पनि हिजो मैले ल्याएको आठ सय बढी मतमा आधा कम भए पनि मसँग चार सय मत बढी नै छन् । त्यस्तै सय डेढ सय थप मत मेरा आफ्नै व्यक्तिगत सम्बन्धका छन् । मेरो हिसाब किताबमा म अहिले पाँच, साढे पाँच सय मतले अगाडि छु । व्यापारी व्यवसायीहरूमा हिजो जुनप्रकारको ऊर्जा थियो आजका दिनमा त्यो पक्कै पनि छैन । मतदाताकै कुरा गर्नुहुन्छ भने पनि हिजो ३४ सयभन्दा बढी मतदाता रहेकोमा अहिले १६ सय ८७ करिब आधाकै संख्यामा घटेको छ । यसैबाट पनि थाहा हुन्छ कि व्यवसायी साथीहरुमा पनि निरासा छ । हामीले व्यवसायी साथीहरुको व्यवसाय प्रतिको त्यो निरासालाई आशामा रुपान्तरण गरेर ब्यापार व्यवसायमा लाग्न र टिकिरहन सक्ने बताउनु छ । त्यसको लागि म सँग थुप्रै योजनाहरु पनि छन् ।



# 'महिलाको नेतृत्वमा बाणिज्य संघ बनाउने ठूलो अवसरको रुपमा लिएकी छु' : धिताल

*अन्जना धिताल यही कार्तिक ३ गते हुन गइरहेको कोहलपुर उद्योग वाणिज्य संघको निर्वाचनमा प्रगतिशील व्यवसायी समूहबाट अध्यक्ष पदमा उम्मेदवार हुनुहुन्छ । कोहलपुर उद्योग वाणिज्य संघको करिब २५ वर्षको इतिहासमा पहिलेपटक अध्यक्ष पदका लागि महिला उम्मेदवार हुनुभएकी धिताल बाणिज्य महासंघ कोहलपुर नगर कमिटी उपाध्यक्ष हुदै २०७४ देखि २०७७ सम्म कोहलपुर उद्योग वाणिज्य संघको सदस्य पदमा रही काम गरिसक्नुभएको छ । ईलेक्ट्रिकल सबओभरसियर सम्मको अध्ययन सकेपछि उहाँ वि.सं २०५५ सालदेखि व्यवसायमा लाग्नु भयो । २०५५ सालदेखि कोहलपुरमा 'गुरु ट्रेडर्स एण्ड सप्लायर्स' नामक हार्डवेयर पसल सञ्चालन गर्दै आउनुभएकी धितालले व्यवसायीका समस्याहरू र कुन खालका समस्याहरुका सामाधान के कसरी गर्न सकिन्छ भन्ने विषयलाई नजिकबाट अनुभव गर्दै आउनुभएको छ । यही कार्तिक ३ गते सम्पन्न हुन गइरहेको कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचनको सन्दर्भमा केन्द्रीत रहेर गरेको कुराकानी ।*

**बाणिज्य संघमा तपाई अध्यक्ष पदमा नै उम्मेदवार किन बन्नु भयो ?**

कोहलपुर उद्योग बाणिज्य संघ व्यवसायीक हितका लागि स्थापना भएको संस्था हो । तर पछिल्लो समय कोहलपुर उद्योग बाणिज्य संघको सदस्य बन्ने र नियमित नबिकरण गर्ने व्यवसायीको संख्या समेत घटदै गएका छन् । संघ मेरो लागि हो भन्ने भावना समेत व्यवसायीहरुमा हराउदै गएको छ । संघ कोहलपुर क्षेत्रको उद्योग तथा व्यवसायीको संरक्षण र प्रर्बद्धन गर्ने एक मात्र संस्था हो भन्ने भावना विकास गराउन मैले नेतृत्व मै पुग्न आवश्यक देखेर अध्यक्ष पदमा उम्मेदवारी दिएकी हु ।

**तपाईले चुनाव जित्ने आधारहरू के के हुन ?**

हामी यस पटक मेरो नेतृत्वमा प्रगतिशील व्यवसायी समुह बनाएर चुनावमा होमिएका छौं । लामो समयको व्यवसायीक अनुभव भएका विभिन्न क्षेत्रमा हामीले गरेको नेतृत्वको अनुभव र कोहलपुर बाणिज्य संघको इतिहासमै पहिलोपटक एक जना महिलाको नेतृत्वको टिम खडा भएको हिसावले हामी जितको नजिक छौं । संघको २५ वर्षको इतिहासमा अहिलेसम्म नेतृत्वका लागि महिलाले उम्मेदवारी नै दिएका थिएनन् । धेरै भन्दा धेरै महिला दिदीबहिनी मतदाता रहेको संघमा अहिलेसम्म महिलालाई नेतृत्व बनाईएन । त्यो अवस्थालाई चिर्नका लागि मेरो नेतृत्वमा समूह तयार भएको छ । त्यसैले पनि मेरो उम्मेदवारी यस क्षेत्रका उद्योगी व्यापारीहरूका लागि पनि गौरवको कुरा हो । अर्कोतिर संघ र वर्तमान नेतृत्वले गरेका काम कारबाहीहरुबाट यस क्षेत्रका उद्योगी व्यापारी साथीहरू असन्तुष्ट हुनुहुन्छ । विगतमा संघमा ३४ सयभन्दा बढी सदस्य बनाइएको थियो । चुनावमा मतदान गर्नका लागि मात्रै सदस्यता वितरण गरिएको थियो । त्यस्ता सदस्यताहरू कटौती गर्दै अहिले हामीले १७ सय हाराहारीमा सदस्य संख्या झारेका छौं । अहिले यहाँका विशुद्ध व्यापारी मात्र सदस्य हुनुहुन्छ । यी सबै कुराको विश्लेषण गर्दा मेरो जीत सुनिश्चित छ भन्ने मलाई लाग्छ । फेरि अर्कोतिर म विगत २५ वर्षदेखि यहीं सामाजिक, राजनीतिक र आर्थिक गतिविधि गर्दै आएकी व्यक्ति हुँ । मैले अहिलेसम्म कुनै व्यक्ति र समाजको



अन्जना धिताल
अध्यक्ष पदका उम्मेदवार
प्रगतिशील व्यवसायिक प्यानल

अहित हुने काम गरेकी छैन । आफ्नो आर्थिक, सामाजिक वा राजनीतिक जीवनमा दाग लाग्ने कुनै काम गरेकी छैन । त्यसैले पनि यसपटक यहाँका व्यापारी साथीहरूले मलाई छान्नुहुन्छ भन्ने कुरामा म ढुक्क छु ।

**व्यवसायीक हक हितका लागि तपाईका योजना के के छन् ?**

मुलुक नै यतिबेला आर्थिक मन्दीको चपेटामा छ । अब योभन्दा तल जाने ठाउँ नै छैन । म व्यापारीको नेता भएका कारण मलाई यसको राम्रो अनुभव छ । विगत दुई वर्ष यता व्यापार निकै खस्केको छ । तर स्थानीय स्तरमा हामीले पहल गरेर सुधार हुनेखालका कामहरु गर्न म सधैं तत्पर रहनेछु । सम्भव भएसम्म स्थानीय बजारबाटै खरिद र बिक्री गरिनुपर्छ भन्ने मेरो मान्यता छ ।

**तपाईको अनुभवमा अहिले यस क्षेत्रका व्यापारीले भोग्नुपरेका प्रमुख समस्याहरू केके हुन् ?**

अहिले व्यापारीहरूको प्रमुख समस्या भनेको चर्को बैंक ब्याजदर नै हो । साथीहरूले पहिले एउटा ब्याजदरमा बैंक लोन गर्नुभयो । पछि त्यो बढेर निकै माथि पुग्यो । कोभिडपछि देश यसरी आर्थिक चपेटामा पऱ्यो कि हामीले त्यसको अनुमान नै गर्न सकेनौं । अर्कोतिर खुला सिमाना यहाँको प्रमुख चुनौतीको रूपमा देखिएको छ । खुला सिमानाकाले यहाँको बजारलाई प्रत्यक्ष प्रभाव पारिरहेको छ । यी कुरा नियन्त्रण गर्न हामी एक्लैले सम्भव छैन । त्यसैले राज्य तहबाटै यो समस्याको पहलकदमी लिइनुपर्छ । स्थानीय छिमेकी बाणिज्य संघहरू र स्थानीय सरकारहरूसँग समन्वय गरेर नाकालाई कसरी व्यवस्थित गर्न सकिन्छ त्यसमा गम्भीर छलफल चलाउन सकिन्छ । अर्कोतिर सीमापारिबाट ल्याइने खाद्यलगायतका सामाग्रीहरू कति स्वस्थकर र गुणस्तरीय छन् भनेर हामीले उपभोक्तालाई पनि बुझाउन जरुरी छ । भारतले नेपालका लागि भनेर छुट्टै विषादीयुक्त खाद्य सामाग्री र गुणस्तरहीन सामान पठाउने गरेका कैयौं उदाहरण छन् । यसबारे हामी सबै सचेत हुनु जरुरी छ । कतिपय साना व्यवसायीहरु पलायन हुने अवस्थामा हुनुहुन्छ ,उहाँका समस्या कसरी हल गर्न सकिन्छ भनेर पनि गम्भीर हुन जरुरी छ । साथै व्यापार मेलाको नाममा स्थानीय व्यवसायीहरु मर्कामा पार्ने काम भएकोछ । संघका १/२ जना पदाधिकारीलाई लाभ गराउनैका लागि यस्ता व्यापार मेला आवश्यक छ/छैन ? यसमा पनि गम्भीर हुन आवश्यक छ । म अध्यक्षमा निर्वाचित भए पछि व्यवसायी साथीहरुकै सुझाव सल्लाह लिएर व्यवसायीक हकहितमा काम गर्न प्रतिवद्ध छु ।










नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhM namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके